म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३०२ बिहीबार ३२ जेठ २०८० ने. सं. ११४३ तछलागा 15 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तरकारी परीक्षणका लागि उपमहानगरलाई मेसिन

हेटौंडा, ३१ जेठ/ हेटौंडामा बिक्रीका लागि आउने तरकारीको परीक्षणका लागि बागमती प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिकालाई मेसिन हस्तान्तरण गरेको छ । जिल्लाभित्र तथा बाह्रय जिल्लाबाट बिक्रीका लागि आउने तरकारीमा विषादिको मात्रा परीक्षणका लागि बागमती प्रदेश सरकारको कृषि मन्त्रालयले हेटौंडा उपमहानगरपालिकालाई मेसिन हस्तान्तरण गरेको हो । मन्त्रालयले उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामालाई उपभोक्ताले बिषाक्त खानेकुरा खान नपरोस भन्ने उद्देश्य सहित तरकारीको परीक्षणका लागि मेसिन दिएको बताइएको छ । मेसिनले तरकारीमा प्रयोग भएको बिषादिको मापन गरी खानयोग्य र अयोग्य छुट्याइने भएको छ । मेसिन हेटौंडा-११ थानाभन्ज्याङमा निर्माणको अन्तिम चरणमा रहेको तरकारी थोक बजारमा राखेर परीक्षण गरिने बताइएको छ । हेटौंडा उपमहानगरपालिका र बागमती प्रदेश सरकारको लगानीमा थानाभन्ज्याङमा थोक तरकारी बिक्री केन्द्र निर्माणको चरणमा रहेको छ । आउँदो चैतसम्ममा निर्माण सम्पन्न गर्ने गरी केन्द्र निर्माणको काम भइरहेको छ ।

# प्लान नेपालको मकवानपुरमा कार्यक्रम 'फेज आउट'


साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवापुरमा लामो समयदेखि बाल केन्द्रित विकास परियोजना संचालन गर्दै आएको एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रम समापन भएको छ । वुधबार हेटौंडामा बालकेन्द्रित सामुदायिक विकास परियोजनाले (दोश्रो चरण) समापन गरिएको औपचारिक घोषणा गरेको हो ।

प्लान इन्टरनेशलन नेपालका राष्ट्रिय निर्देशक राम किसनको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको सम्बोधन गर्दै प्रमुख घलानले मकवानर जिल्लाका १० वटै स्थानीय तहमा रहेर योगदान पुऱ्याएको धन्यावाद दिएका थिए । सन् १९३७ मा बेलायती पत्रकार जोन ल्याङ्डन डेभिस र शरणार्थी कार्यकर्ता एरिक मुग्गेरिजद्वारा स्थापना गरिएको 'प्लान इन्टर नेशनल जस्को उद्देश्य स्पेनको गृहयुद्धबाट प्रभावित बालबालिकालाई खाना, आवास र शिक्षा उपलब्ध गराउने थियो ।

नेपालमा भने १९७८ देखि प्लान इन्टरनेशनलले सीमान्तकृत बालबालिका, उनीहरुका परिवार र समुदायलाई संरक्षण र सहभागिताको अधिकारमा पहुँच पुऱ्याउन मद्दत गर्दै आएको थियो । नेपालको ३५ जिल्लामा काम गर्दै आइरहेको प्लान नेपालले हाल सुनसरी, धनुषा, सिन्धुली, मकवानपुर, कास्की, पर्वत, बाँके, वर्दिया, कालिकोट, मुगु, जुम्ला र डोल्पामा काम गरिरहेको थियो ।

१९९५ देखि मकवानपुरमा रहेको प्लान इन्टरनेशनल नेपालले मकवानपुरको १० वटै स्थानीय तहलाई कार्यक्षेत्र बनाएर काम गरेको थियो । विशेषगरी शिक्षा, नेतृत्व निर्णय, बालबालिकाको संरक्षण, बालविकास र स्वास्थ्य खानेपानी तथा सरसफाईका मुद्दामा काम गर्दै आइरहेको थियो । प्लान इन्टर नेशनलले गर्ने सबै कार्यक्रम प्रायोजित र अनुदानबाट आएको




सहयोगले नै संस्थाले प्रत्याभूत बालबालिका, उनीहरुको परिवार, उनीहरुको समुदाय र प्रत्याभूतकर्ता वीच सम्बन्ध स्थापना गर्नको साथै विकास प्रक्रिया र समुदायमा आधारितमा काम गर्दै आईरहेको प्लान इन्टरनेश्नल नेपाल स्पोन्सर सीप मेनेजर शान्ता रजौरेले जानकारी दिइन् ।

स्पोनसरसीप मेनेजर र जौरेका अनुसार मकवानपुरका १० वटै स्थानीय तहमा हालसम्म १९ हजार बालबालिका प्रत्यक्ष रुपमा स्पोनसरसीप कार्यक्रममा सहभागी भएका थिए । जसमा करीब ७० प्रतिशत बालिकाहरु थिए । २५० जना भन्दा बढी प्रत्यक्षरुपमा प्रत्याभूतकर्ताले उनीहरुको गाउँमा भ्रमण गरेको रजौरेले बताइन् । बालबालिकाले शैक्षिक सामग्री तथा सरसफाइका सामान सम्पूर्ण सहभागी बालबालिकाले पाएका थिए । औषधिउपचारको सहयोग पनि प्राप्त गरेका थिए ।

प्लान इन्टरनेशनल नेपालले मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकामा तीन विद्यालयमा प्राथमिक कक्षाका लागि नमुना कक्षाकोठाको विकास गरेको थियो । भौतिक सुविधा र शैक्षिक सामग्री पर्याप्त उपलब्ध गराएको थियो । ईन्द्रसरोवर ४ र ५ बालमैत्री वडा घोषणा गर्न सहयोग गरेको प्लान इन्टरनेशनल नेपालका मिहिर कुमार झाले जानकारी दिए । हिंसा प्रभावित बालबालिकाको परिवारलाई सहयोग समेत गरेको संस्थाले ईन्द्रसरोवरमा महाचुली माध्यमिक विद्यालयमा १२ कोठे भवन, शौचालय, घेरावारा, विज्ञान प्रयोगशाला स्थापना, पुराना भवनहरु मर्मत र किशोरीको महिनावारीलाई केन्द्रित गर्दै आवश्यक उपकरणहरु सहित विश्राम कोठाको विकास गरेको झाले बताए ।

त्यसैगरी भीमफेदी गाउँपालिकामा १६ वटा खानेपानी योजना निर्माण/मर्मत र खानेपाली योजना संचालन एवं सम्बन्धित उपभोक्ता समितिलाई तालिम दिएको थियो । गाउँपालिकामा खुल्ला दिशामुक्त अभियान सहजीकरण गरेको संस्थाले ९ सय ९६ प्रायोजित बालबालिकालाई झोलासहित स्देशनरी सामग्री उपलब्ध गराएको थियो । हिंसारहित आचारसंहिताको विकास, पाठ्यक्रम विकास, लैङ्गिक रपान्तरण, प्रारम्भिक सामाजीकरण र स्टिम शिक्षा दृष्टिकोणमा प्रशिक्षण प्रदान गरिनुका साथै शैक्षिकरुपमा कमजोर बालबालिकाका लागि उपचारात्मक कक्षाहरु प्रदान गरिएको जनाएको छ ।

मनहरी गाउँपालिकामा ६ वटा विद्यालय मर्मतसम्भार तथा १०४ वटा नमुना कक्षाकोठा विकास, अन्तरधर्मीय संवादको प्रचार गर्न सहयोग र बालविबाहविरुद्ध लडाईमा सहयोग गरेको बताइएको छ । संस्थाले हेटौंडा उपमहानगर पालिकामा ८ सय १३ प्रत्याभूत बालबालिकालाई ब्याग सहित स्टेशनरी सामग्री सहयोग गरेको जनाएको छ । कोभिड-१९ को समयमा हेटौंडा उपमहानगर पालिकाका वडा नंम्वर ३, १२, १३, १४, १५ र १९ को २ हजार ४६५ घर परिवारलाई प्रतिपरिवार २ हजार ७ सय ३० रुपैयाँ बराबरको सहयोग गरेको प्लान इन्टरनेशनल नेपालका झाले जानकारी दिए ।

संस्थाले हेटौंडाका चुरियामाई, पदमपोखरी, बासामाडी, सरस्वती, मिलनटोललगायत ठाउँमा १३ वटा सामुदायिक खानेपानी योजना निर्माण र क्षमता अभिवृद्धि तालिम संचाल गरेको थियो । उपमहानगरको एक विद्यालय मर्मत सम्भार तथा ४ वटा नमुना कक्षाकोठा विकास गर्नुका साथै पालिकाको बालसंरक्षण नीति तयार गर्न सहयोग, बाल अधिकार संरक्षण रणनीति लागु गर्न सहयोग र बालकोष स्थापना गर्न सहयोग गरेको जनाएको छ ।

मकवानपुरगढी गाउँ पालिकामा संस्थाले २ वटा विद्यालय मर्मतसम्भार तथा २४ वटा नमुना कक्षाकोठा विकास गर्नुका साथै ७ समुहमा १४० भन्दा बढी अभिभावकलाई समरात्मक अभिभावक सम्बन्धी विषयमा छलफल गराई सचेत बनाइएको थियो । संस्थाले कैलाश गाउँपालिका, बकैया, बागमती, गाउँपालिकामा पनि विभिन्न कार्यक्रमहरु गरेको थियो । मकवानपुरका २ सय भन्दला बढी विद्यालयका बालबालिकालाई एक हप्ते तालिम प्रदान गरी बाल भित्तेपत्रिका प्रकासन गर्ने, बालक्लव स्थापना गर्ने सुदृढ गर्ने जस्ता काम गरेको थियो ।

कार्यक्रममा संस्थाबाट सहयोग प्राप्त गरी सफालता हाँसिल गरेका अशोक सुजन श्रेष्ठ (जगत टीभी सञ्चालक) सागर लामा (सिआईएन), रमा उप्रेती (ईन्द्रसरोवर गाउँपालिकाका अधिकृत), रसिला उप्रेती (एससी) को आमाले पनि संस्थालाई धन्यावाद दिएका थिए । कार्यक्रममा मकवानपुरका १० वटै पालिकाप्रमुख, उपप्रमुखहरुको आथिथ्यता रहेको थियो । प्लानले मकवानपुरमा संचालन गरेका सम्पूर्ण कार्यक्रम आगामी दिनमा निरन्तरता दिन नसकिने बताइएको छ । कुनै समयमा जिल्ला विकास समितिको वार्षिक विकासका बजेट भन्दा बढी रकम प्लान मकवानपुरले खर्च गर्ने गरेको थियो ।

# बागमतीमा सांसदलाई बजेट बाँड्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/संघीय सरकारलाई पछ्याउँदै बागमती प्रदेश सरकारले पनि फेरि 'सांसद विकास कोष' खडा गर्ने भएको छ ।

यसअघि सांसदहरुलाई बजेट दिने व्यवस्था हटाइए पनि वर्तमान गठबन्धन सरकारले पुन:सांसदलाई ३ र १ करोड बजेट बाँड्ने तयारी स्वरुप बजेटमा समेट्दै छ । बजेटमा 'सांसद विकास कोष'लाई पूर्वाधार विकास कार्यक्रमसँग जोडिएको छ । पूर्वाधार विकास कार्यक्रम नाम दिएर प्रदेश सरकारले सांसदलाई बजेट बाँड्ने तयारी गरेको स्रोतको दाबी छ । सामान्यता: सांसदको प्रमुख जिम्मेवारी प्रदेशसभाबाट ऐन, कानुन निर्माणाको रहन्छ । योजना छनोटदेखि बजेट कार्यान्वयनसँगै विकासमा सरकारको प्रमुख दायित्व रहन्छ । अर्थात, प्रदेश सांसदको कार्यभार र सरकारको दायित्व फरक हुन् । तर, सांसदहरुलाई बजेट दिनु आर्थिक अनुशासन विपरित काम भएको विश्लेषण हुने गरेको छ ।

जसकारण आवश्यकताका आधारमा बजेट बाँडफाँड गर्नुपर्ने सरकारले सांसदहरुलाई तजबिजमा बजेट हाल्न दिनु राम्रो नहुने विश्लेषकहरु बताउँछन् । सत्ता सञ्चालन गरिरहेका दलहरु भने सांसदलाई खुशी पार्न बजेट बाँड्ने तयारीमा जुटेका छन् । माओवादी केन्द्रले नेतृत्व गरिरहेका बागमती सरकारमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) सहभागी छन् । हाम्रो नेपाली पार्टी (हानेपा)ले भने सरकारलाई समर्थन मात्रै गरेको छ । बागमतीमा नेकपा एमाले, राप्रपा, नेपाल मजदुर किसान पार्टी भने प्रतिपक्षको भूमिका छन् ।

बागमती प्रदेश सरकारले




संघीय सरकारकै सिको गर्न खोजेको हो । संघीय सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत बजेटमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममार्फत प्रतिनिधिसभा सदस्यहरुलाई बजेट बाँड्न रकम नै बिनियोजन गरिसकेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतका अनुसार प्रदेश सांसदलाई संघीय सरकारकै मोडलमा बजेट बाँड्न लागिएको हो । बागमतीमा पनि पूर्वाधार विकासकै नाममा ३ करोड र १ करोड बाँड्ने तयारी छ । २०७४ पछि प्रदेश सरकारका बजेटमा सांसदहरुलाई यसैगरी रकम बाँड्ने गरिन्थ्यो । तर, अघिल्लो कार्यकालको अन्तिम आर्थिक वर्षमा भने सांसदलाई पैसा बाँड्न रोकिएको थियो । संघीय सरकारले 'सांसद विकास कोष' हटाएपछि बागमतीमा पनि सांसदलाई बजेट रकम बाँड्न रोकिएको थियो ।

तर, फेरि संघीय र प्रदेशमा सांसदलाई बजेट रकम बाँड्न खोजिएको छ । बागमतीमा प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई १ करोड बजेट रकम दिने तयारी रहेको मन्त्रालय स्रोत दाबी गरेको छ । प्रदेशले विगतका वर्षमा पनि ३ र १ करोड बाँड्ने गरेको थियो । जसमा समानुपातिक सांसदले विभेद गरेको भन्दै विरोध गर्ने गरेका थिए । संघीय सरकारले सांसदलाई बजेट छुट्याएपछि प्रदेशमा पनि सहज भएको र त्यही अनुसार प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई एक करोड रुपैयाँका दरले बजेट छुट्याउने तयारी रहेको प्रदेशका एक उच्चपदस्थ कर्मचारी बताउँछन् ।

बजेट पारित भएर कार्यान्वयनमा गएपश्चात प्रदेशका प्रत्यक्ष निर्वाचित सांसदले प्राप्त बजेट रकमलाई तीन भागमा मात्रै लगाउन पाउने भएका छन् । अर्थात, ३ करोडको ३ वटा मात्रै योजना हुनुपर्ने बनाउन लागिएको छ । सांसदहरुले आगामी वर्षमा विगतमा जस्तो ३ करोडलाई टुक्रा पारेर बजेट छर्न भने नपाउने भएका छन् । प्रदेशसभा सदस्यहरुले छनोट गरेको योजना सम्बन्धित स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी बजेट छुट्याउन लागिएको हो । प्रदेश सरकारले १ असारमा बजेट ल्याउँदैछ । बजेटको आकार घट्नेछ । चालु आव ०७९/८० मा ७० अर्ब बढी बजेट ल्याएको बागमतीले आगामी आवमा ६३ अर्ब हाराहारीको बजेट प्रस्तुत गर्दैछ ।

# हेटौंडामा जलवायु परिवर्तनबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ बागमती प्रदेशको राजधानी हेटौडामा विश्व वातावरण दिवसको अवसरमा जलवायु परिवर्तनले समाजमा पारेका असर तथा चुनौतीको सवालमा छलफल भएको छ । कार्यक्रम मकवानपुर महिला समूहको आयोजनामा बुधबार भएको हो ।

कार्यक्रम मकवानपुर महिला समूहकी उपाध्यक्ष सोममाया घलानको सभाध्यक्षता एवम् जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता, हेटौंडा उपमहानगरकाकी प्रमुख मीना कुमारी लामा र मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको विशेष आतिथ्यतामा भएको हो ।

कार्यक्रममा मनहरी-३ का अध्यक्ष अनन्त प्रसाद अर्याल, मनहरी-४ का अध्यक्ष प्रकाश थापा, सामूदायिक वन उपभोक्ता महासंघ केन्द्रका प्रतिनिधि सुजन खनाल, जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका शाखा प्रमुख हेमा थोकर लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सो क्रममा उनीहरुले जलवायुमा अनेपेक्षीत रुपमा परिवर्तन आइरहनुको मुख्य कारण पृथ्वीको तापमान वृद्धि र जलवायु परिवर्तन रहेको बताएका थिए । उनीहरुले जलवायु परिवर्तनको प्रभाव हामीहरुले दैनिक जीवनमा भोगीरहेका बताएका थिए । विश्वमा जलवायु परिवर्तनको कारणले समाजमा विभिन्न रोगहरु देखा पर्ने, विशेष गरी महिला तथा बालबालिकाहरुमा बढी मात्रामा असर पर्ने हुँदा चुनौती पनि निकै बढिरहेको बताएका थिए ।

कार्यक्रममा किशोर किशोरीले बनाएका जलवायु परिवर्तनसम्बन्धी चित्र पनि प्रदर्शनी गरिएको थियो । जस्मा सरिस्मा राई प्रथम, मेलिना राई द्धितिय, साया राई तृतीय र सुस्मा राई सान्तोवना भएका थिए । उनीहरुलाई प्रमुख अथिति, विशेष अथिति र अथितिहरुले पुरस्कार वितरण गरेका थिए ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

Solidarity International Academy, For God and Nation, Hetauda-10, Makwanpur Estd. 2049 (1993)

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# गाँजाखेती खुलागर्ने चर्चामात्र

गण्डकी प्रदेश सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने भएको छ । गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा औषधिजन्य तथा उद्योगजन्य कच्चापदार्थ उत्पादन प्रयोजनका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गरिने उल्लेख छ । पछिल्लो समय नेपालमा गाँजालाई वैधानिकता दिने विषयमा बहस सुरु भएको छ । अर्थमन्त्री डा.प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमै औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिने कुरा बताएपछि यस विषयले थप चर्चा पाएको हो । वि.सं. २०७६ मा पहिलो पटक संसदमा गैरसरकारी विधेयकका रुपमा पूर्वकानुनमन्त्री शेरबहादुर तामाङले 'गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' दर्ता गराएका थिए । यसपछि नेपालमा गाँजाखेतीको वैधानिकताको विषयले छुट्टै रुप लियो । मकवानपुरका तत्कालीन सांसद बिरोध खतिवडाले मकवानपुरको राक्सिराङ, कैलाश गाउँपालिकामा गाँजाखेतीको उच्च सम्भावना भएको भन्दै गाँजाखेतीलाई बैधानिक गर्न जरुरी रहेको पटकपटक भाषण गरेका थिए । तर, खतिवडा चारपटक सांसद भएपनि यो मुद्दालाई स्थापित गर्न भने सकेनन् ।

आजभन्दा करिब ५० बर्ष अगाडि नेपाल गाँजाखेतीका लागि निकै चर्चित थियो । अमेरिकासहित पश्चिमा राष्ट्रका 'हिप्पी'हरु गाँजाकै लागि काठमाडौंसम्म आइपुग्ने गरेका थिए । काठमाडौंका हरेक गल्लीगल्लीमा हिप्पीहरु भेटिने गरेको र गाँजाको निर्वाध बेचबिखन हुने गरेको इतिहास छ । सन् १९६०-७० को दशकमा हिप्पीहरुका लागि नेपाल स्वर्ग जस्तै थियो । गाँजामा प्रतिबन्ध लगाउन पश्चिमा राष्ट्रहरुबाटै चर्को दबाब आएपछि तत्कालीन नेपाल सरकारले गाँजाखेतीलाई अबैध मानिने कानून निर्माण गरेको हो । विशेषगरी अमेरिकी सरकारले गाँजा प्रतिबन्ध गर्न नेपाललाई ठूलो दबाब दिएको थियो । दबाब बढेपछि नेपाल सरकारले सन् १९७६ देखि गाँजाखेती, प्रयोग र बेचबिखन गैरकानुनी बनाएको हो । जुन राष्ट्रहरुको दबाबका कारण नेपालले गाँजा प्रतिबन्ध लगायो आज तिनै राष्ट्रले गाँजालाई आफ्नो मुलुकमा वैधानिक बनाएका छन् । यिनै राष्ट्रहरुले अहिले गाँजाको बजारको सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । अर्थमन्त्री डा. प्रकाशशरण महतले संसदमा स्पष्टीकरण दिँदै पहिला जुन राष्ट्रका कारण गाँजामा प्रतिबन्ध लगाउनुपर्‍यो अहिले तिनै राष्ट्रले खुला गर्न थालेको बताएका थिए । त्यसबेला प्रतिबन्ध लगाउन दबाब दिने राष्ट्रले अहिले विश्व बजारको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ भने त्यसबेला आकर्षणको केन्द्र रहेको नेपालले भर्खर वैधानिक गर्ने विषय बहसमा ल्याउँदैछ । अन्तर्राष्ट्रिय बजारमा गाँजा उत्पादन तथा प्रशोधन गर्ने कम्पनीको इतिहास लामो भने छैन । गाँजाको बजारको सबैभन्दा ठूलो हिस्सा अमेरिकाले ओगटेको छ । सन् २०१४ मा उरुग्वे गाँजाको कारोबारलाई वैधानिकता दिने पहिलो राष्ट्र बन्यो । उरुग्वेले गाँजाको उत्पादन, प्रशोधन, वितरण र प्रयोग खुल्ला गरेको थियो ।

पछिल्लो समय औषधिजन्य प्रयोजनका लागि गाँजा खुला गर्ने राष्ट्रहरुको संख्या बढ्दोक्रममा रहेको देखिन्छ । वैधानिकरुपमा गाँजा उद्योगमार्फत कारोबार २०२२ मा ३३ अर्ब अमेरिकी डलर भन्दा बढीको रहेको छ । सन् २०२० मा २० अर्ब अमेरिकी डलर रहेको गाँजाको बजार २०२१ मा २५ अर्ब अमेरिकी डलर थियो । गाँजाको बजारमाग वर्षेनि बढ्दो देखिन्छ । सबैभन्दा बढी सेयर अमेरिकी कम्पनीको व्यापार रहेको छ । गाँजासँग सम्बन्धित उत्पादन तथा प्रशोधन गर्ने कम्पनीहरु पब्लिक भई सेयर बजारमा सूचीकृतसम्म भएका छन् । पहिलोपटक सन् २०१८ मा अमेरिकाको प्रमुख स्टक एक्सचेन्जमा औषधिजन्य प्रयोजनका लागि गाँजा उत्पादन प्रशोधन गर्ने कम्पनी 'दि क्यानोस् ग्रुप इन्क' सूचीकृत भएको थियो । क्रमश: अन्य कम्पनीहरु पनि सेयर बजारमा सूचीकृत हुने थाले । अहिले अमेरिकी र क्यानाडाको सेयर बजारमा सूचीकृत ३९ कम्पनीको कुल सेयर बजार पुँजीकरण १४ अर्ब अमेरिकी डलर रहेको छ । गाँजाको प्रयोजनलाई दुई भागमा विभाजन गरिएको छ । मनोरन्जनात्मक प्रयोग र औषधिजन्य प्रयोग । औषधिजन्य प्रयोजनका लागि अमेरिकामा ३८ प्रान्तले गाँजाको प्रयोग खुला गरेता पनि मनोरन्जनात्मक प्रयोजनका लागि २२ प्रान्तले मात्र प्रयोग खुला गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १ गते शुक्रबार १६ जुन २०२३ । त्रयोदशी, आसाढ कृष्णपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ । दिलाच:ह्रे पूजा । असार संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : ~~दिन रम्रोसुम बित्नेछ~~ | **तुला** | : ~~परीक्षामा सफलता मिल्नेछ~~ |
| **वृष** | : ~~चोट लाग्ने सम्भावना देखिन्छ~~ | **वृश्चिक** | : ~~पढाइमा रुचि बढ्नेछ~~ |
| **मिथुन** | : ~~चिन्ता, भय र आशंका बढ्नेछ~~ | **धनु** | : ~~रिसलाई नियन्त्रण गर्नुपर्नेछ~~ |
| **कर्कट** | : ~~सन्तोष र प्रतिष्ठा मिल्नेछ~~ | **मकर** | : ~~शुभ समाचार मिल्नेछ~~ |
| **सिंह** | : ~~काममा प्रगति हुनेछ~~ | **कुम्भ** | : ~~भाग्योदयको योग छ~~ |
| **कन्या** | : ~~व्यापारमा लाभ हुनेछ~~ | **मीन** | : ~~सहयोगी हातहरु बढ्नेछ~~ |

# संसदको अराजकता, लोकतन्त्रको उपहास



✍ कल्पना धमला

गणतन्त्रात्मक राज्य व्यवस्थालाई लोकतान्त्रिक बनाउने काम दलहरूको हो । दलहरूले सही ढंगले सञ्चालन र कार्यान्वयन मार्फत लोकतन्त्रलाई मजबुत नबनाएसम्म लक्षित समूह लाभान्वित हुन सक्दैनन् । लोकतन्त्र भनेको कानुनी अधिकारको विषय मात्र नभएर विचार, सिद्धान्त, चरित्र, संस्कार, संस्कृति, आचरण र व्यवहार पनि हो ।

संविधानवाद, विधिको शासन, शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन, व्यक्तिगत स्वतन्त्रतामा आधारित नागरिक सार्वभौमसत्ता, बालिग मताधिकार, आवधिक निर्वाचन प्रणाली, बहुमतको नेतृत्व र अल्पमतको वैधानिक प्रतिपक्ष, प्रेस, मानवअधिकार जस्ता विषय लोकतन्त्रको विश्वव्यापी मान्यता बनिसकेका छन् । यसलाई संसारका कुनै पनि वैचारिक आग्रह र दर्शनले अस्वीकार गर्न सक्दैन ।

नेपालको सन्दर्भमा निरंकुश पञ्चायत र बहुदलीय शासन व्यवस्था परिवर्तन पछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यसले राज्य सञ्चालनमा व्यवस्था परिवर्तनको अनुभूति हुने गरी संविधानको कार्यान्वयन गर्दै नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउने कार्यसँगै पूर्वाधार विकासको क्षेत्रमा ठूलै फड्को मारेको छ ।

जनताको अवस्था परिवर्तनको सन्दर्भमा भने लोकतन्त्रको विश्वव्यापी मान्यता कार्यान्वयन गर्न, बुझ्न र बुझाउनेमा कहीं न कहीं बुझाइ र गराइमा विविधता र अपुग देखा परेकै छ । यी अपुगलाई न्यूनीकरण गर्दै नीति र कानुन निर्माण गर्ने दायित्व संसद र सांसदहरूको हो ।

संसदमा किन नागरिकलाई सार्वभौम बनाउने कानुन निर्माणको बारेमा बहस भइरहेको छैन ? किन लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षा, मुलुकको समृद्धिका आधारको खोजी बारे बहस चलिरहेको छैन ? संसदमा किन व्यक्तिगत गालीगलौज र चरित्रहत्या भइरहेको छ ?

सिद्धान्तत: संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई स्वीकार गरेर संसद छिर्ने, तलब भत्ता खाने अनि संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रकै विरोध गर्न संसदको उपयोग गर्ने अनैतिक काम किन भइरहेको छ ?

कथा सुनाउने, जोक भन्ने, टिकटक बनाउने, अराजक, अमर्यादित र अराजनीतिक बेतुकका तर्क, भाषा, शब्द र शैलीमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने पार्टी र त्यसका नेतालाई गालीगलौज गरेर भाइरल बन्ने गतिविधिले संसदको गरिमा लुटिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रमाथि आघात पुर्‍याएको छ ।

संसदमा प्रतिगामी अराजक तत्व र केही उट्पट्याङ व्यक्तिहरूको उपस्थितिका कारण अराजनीतिक र अराजक हर्कत देखिएको छ ।

अग्रगामी परिवर्तन, संविधान कार्यान्वयनको मर्म, राज्य र नागरिकप्रतिको दायित्व स्वीकार गर्न नसकेका यस्ता तत्वहरूले संसदमा देखाइरहेको प्रहसनको जीवन्त उजागर भइरहेको छ । नयाँ संविधान निर्माणपछि संविधानप्रदत्त हकहरूलाई कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने गहन जिम्मेवारी छ । यो काम निकै ढिलो भइसकेको छ ।

पञ्चायत र बहुदलकालमा बनेका अधिकांश कानुनबाट नै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था चलाइराख्नु परिरहेको छ । नेपाली जनतालाई राजाको प्रजा र रैतीबाट मुक्त गरेर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउने जनविद्रोहका पक्षधर र राज्य पक्षधर बीचमा रहेको द्वन्द्वकालीन मुद्दाहरूको छिनोफानो गर्ने सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित कामहरू टुङ्गो लगाउन बाँकी छन् ।

यी बाँकी रहेका कामहरूलाई छिटोभन्दा छिटो टुङ्गोमा पुर्‍याउने गरी बहसलाई केन्द्रित गर्दै कामहरू गरेको भए मुलुकलाई विकास र समृद्धिको यात्रामा अगाडि बढाउन सरल र सहज हुनेथियो । मुलुकका जल्दाबल्दा समस्यालाई हल गर्दै लोकतान्त्रिक गणतन्त्रलाई सबल र सुदृढ बनाउनेमा दल र संसदको भूमिका केन्द्रित हुनुपर्ने हो । तर, लोकतान्त्रिक मूल्यमान्यतालाई नै कमजोर बनाउने जोड र कोणबाट प्रस्तुत हुने थलोको रूपमा संसदको दुरुपयोग भइरहेको छ ।

लोकतन्त्रका लागि जनताले दिएको बलिदानको नयाँ जमिनमा टेकेर लोकतन्त्रको मन्दिर मानिने संसदमा यस्ता निर्लज्ज कार्य हुनु लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने षड्यन्त्र हो ।

निरंकुश प्रतिगामी पश्चगमनकारीहरूलाई आजको यो परिवर्तन मन परिरहेको छैन । उनीहरू परिवर्तनको विरुद्ध विषवमन गरिरहेका छन् । राजनीतिक अस्थिरता बढाएर मुलुकलाई पछाडि फर्काउने दुस्साहस गरिरहेको स्पष्ट बुझ्न सकिन्छ ।

विकास, समृद्धि र परिवर्तनको चर्को नारा लगाएर उदाएको एउटा पंक्ति छ भने जनतामाथि निरंकुशता थोपरेर मोटाएका पुरातन शक्तिको अर्को पंक्ति छ । यिनलाई मुलुकको परिवर्तनमा न श्रम परेको छ, न पसिना बगेको छ न त नागरिकप्रतिको कुनै दायित्व वहन गर्नुपरेको छ ।

देश र जनताको सेवामा समर्पित राजनीतिक पार्टी र नेतृत्वलाई गाली गरेर क्षितिज पारि पुग्ने चर्का कुरा र गैरजिम्मेवार हर्कतले मुलुकमा राजनीतिक अस्थिरताको संकेत गरिरहेको छ ।

एउटाले पछाडिको कुरा गर्ने, अर्कोले क्षितिज पारिको कुरा गर्ने ! यसरी दायाँ र बायाँ जुन दिशाबाट उदाए पनि सारमा लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास, सुशासन र समृद्धिको कार्यभार पूरा गर्ने यात्रामा बाधक बन्न पुगेका छन् । के यो संयोग मात्रै होला त ?

गणतन्त्रात्मक व्यवस्था र स्थापना गर्ने दलहरूप्रति आक्रोश बढाउने, संघीय लोकतान्त्रिक गणतन्त्र त्यसको उपलब्धिप्रति नकारात्मक प्रचारबाजी गर्ने र यो व्यवस्थालाई कमजोर बनाउन सरकारले गरेका सकारात्मक कामहरूको समेत विरोध गर्ने काम भइरहेको छ ।

केवल विरोधलाई नै बहादुरी ठान्नु र नागरिकलाई नकारात्मक सोचबाट प्रेरित गर्नुमै आफू सांसद हुनु र आफ्नो पार्टी बनाउनुको सार्थकता हो भनी ठान्नेहरूका कारण आज मुलुकमा राजनीतिक अस्थिरता उत्पन्न भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति सुनियोजित ढंगले संकट थोपर्न खोजिएको छ ।

अब सचेत देशभक्त, परिवर्तनका पक्षधर आम नागरिकले घोत्लिएर सोच्नुपर्ने बेला आएको छ । मुलुकमा संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रसँग जोडिएका प्राप्त उपलब्धिहरूको रक्षा र विकास विना मुलुकको लोकतन्त्रीकरण, समृद्धि र सुशासनको स्थापना गर्न असम्भव हुन्छ भन्ने कुरा सामान्य लोकतान्त्रिक चेतको प्रश्न हो ।

राज्यलाई लोकतान्त्रिक बनाउन राजनीतिक दलसँगै नागरिक समाज र सञ्चार माध्यमको पनि महत्वपूर्ण भूमिका रहन्छ । राम्रो कामको सकारात्मक सूचना नागरिकसम्म पुर्‍याउने र नराम्रो कामको खबरदारी गर्दै रचनात्मक सुझाव र सहयोग गर्ने दायित्व सबैले लिन आवश्यक हुन्छ ।

नागरिकको सार्वभौम अधिकार कार्यान्वयन गर्नको लागि नीति, कानुन निर्माण गर्ने थलो संसदलाई लोकतान्त्रिक मूल्य, मान्यता र मर्यादाको आधारमा सञ्चालन गर्न-गराउन सरोकारवाला निकायको ध्यान जान जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# मोफसलमा शीर्ष समाचारको असान्दर्भिकता

✍ सीके लाल

जलेश्वरमा अहिले प्रचण्ड गर्मी छ । जुन ८ बिहीबारको दिन भुइँतलासँग जोडिएको बरन्डाको भित्तामा झुन्डिरहेको तापक्रममापक उपकरणले परिवेशी तापमान (ऐम्बिअन्ट टेम्प्रेचर) ४२ डिग्री सेन्टिग्रेड रहेको जनाउ दिइरहेको छ । हातेफोनको मौसममापकले चिह्नित गरेको संख्या त्यसभन्दा पनि अझ एक डिग्री बढी नै छ । जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराएको तथ्यांक अनुसार, यस वर्षको जुन महिना नेपालको इतिहासमा अहिलेसम्मकै सबैभन्दा तातो महिना बनेको समाचार रेडियोले भट्याउँदै छ ।

तर, आस्थावान्लाई जस्तोसुकै मौसमले निज आफ्नो ठौरठामतिर फर्किनबाट रोक्न नसक्ने रहेछ । आजभोलि हरेक पाँच वर्षमा एक पटक लाग्ने संसारीमाईको मेला र पूजा-अर्चनाका लागि एक जना 'जलेसरिया' इन्जिनियर र उद्यमी अमेरिकाको न्युजर्सीदेखि सपरिवार घर आइपुगेका छन् । काठमाडौंबाट तलतिर झर्नेहरूको त कुरै भएन । सहरको हरेकजसो घरमा सीमावारि र पारि गरी दुवैतिरका पाहुनाहरूको जमघट देख्न सकिन्छ ।

चार दशकअघिसम्म संसारीमाईको मेला हरेक १२ वर्षमा एकचोटि लाग्ने गर्थ्यो । त्यसपछि सिकारी र संकलक सभ्यतामा प्राकृतिक शक्ति वा पुर्खाका आत्मालाई शान्त पार्न बलि प्रदान गर्ने जडात्मवादी परम्पराको अवशेषका रूपमा रहेको जीव-जन्तु एवं चराचुरुंगीलाई तोकिएको शक्तिपीठमा अर्पण गर्ने अवधि १२ बाट घटाएर सात वर्षमा ल्याइयो । अहिले संसारीमाई हरेक पाँच वर्षमा भोग स्वीकार गर्न जलेश्वर पोखरीको डिलमा आउँछिन् । केही दशक अगाडिसम्म त्यो शक्तिस्थल चिहिनत गर्न ठड्याइएको एउटा पवित्रीकृत मुडोबाहेक केही हुन्थेन । त्यसपछि त्यस ठाउँलाई पर्खालले घेरेर सुरक्षित बनाइयो । ढोकामा ताल्चा लगाउने चलन सुरु भयो । पवित्रीकृत मुडोमा चाँदी मढिएपछि सुरक्षा झन् मजबुत बनाउनैपर्ने भयो । कालान्तरमा मन्दिर बनाइएला । नियमित पुजारी, पण्डा र महन्थको प्रादुर्भाव भए पनि अचम्म मान्नुपर्नेछैन । यसप्रकार जडात्मवादी प्रचलनहरू (ऐनमिस्ट ट्रडिसन्स), समाजशास्त्री एमएन श्रीनिवासले औंल्याएझैं, 'ब्राह्मणीकरण' भएर 'हिन्दु धर्म' भित्र समाहित हुन पुग्छन् ।

जुनसुकै बहानामा दाजुभाइ, नातागोता, छरछिमेकी र 'इष्टमित्र एक ठाउँमा भेला भएपछि बेसाहा आकासिएकोदेखि लिएर रोजगारी भुइँमा बजारिएको सम्मका सबैथरी विषयको उठान हुन्छ । एउटा प्रसंगको तार्किक बैठान हुन नपाउँदै बहसलाई अर्कै विषयतिर मोड्न कुनै कठिनाइ हुँदैन । हावापानीको तापक्रम जति नै बढे पनि स्थानीय राजनीति भने अपेक्षाकृत चिसिएको महसुस हुन्छ । नागरिकता ऐनबारे अधिकांश सम्भाषी (इन्टर्लाक्युटर) अलिकति बढी नै आश्वस्त देखिन्छन् । चिन्ता नोकरशाहीले ऐनलाई कार्यान्वयन हुन दिँदैन भने रहेछ । बिहान आठ बजेतिर आइपुग्ने 'राष्ट्रिय' भनिने अखबारका शीर्ष समाचार एवं मार्गदर्शक विचार केलाएपछि भने बातचितमा रूखोपन बढ्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणले राजधानीको फुर्सदिलो समाजलाई तताएको छ । मोफसलमा भने त्यसलाई स्वाभाविक रूपमा लिइँदो रहेछ । केही वर्षअगाडि झापा र मोरङतिर काम गरेका नेपाल सरकारका एक अवकाशप्राप्त अधिकारीका अनुसार, एक दशकभित्र ७ हजार जति हुनेखाने ल्होत्सम्पालाई नगद लेनदेनका आधारमा 'वंशज नागरिक' बनाइएको थियो । लगभग त्यति नै संख्यामा साँच्चिकै वंशज नागरिक रहेकालाई ल्होत्सम्पा बनाउने गिरोहले गैरकानुनी काम गरेको पक्का हो, तर त्यसलाई देशै हल्लाउने अनैतिक घटना मान्नेहरूलाई नेपालबाट हुने मानव बेचबिखन, वन्यजन्तु र जनावरका अंगहरूको अवैध ओसारपसार, लागूऔषधको तस्करी एवं वैदेशिक मुद्रा निर्मलीकरणको शक्तिशाली सञ्जालबारे थाहा नभएको मान्नुपर्ने हुन्छ । आकारका हिसाबले कर छलीका विवादित मुद्दाहरू त्यसभन्दा कैयौं गुणा बढी छन् । लाखौं साना बचतकर्ता तथा सर्वसाधारणको अर्बौं निक्षेप सहकारी सञ्चालकहरूको बेइमानी एवं नियामक निकायहरूको मिलेमतोले गर्दा जोखिममा छ । मधेशबाट हेर्दा समग्र राज्य व्यवस्था शासन नभएर शोषण र दोहनको संयन्त्र रहेकामा कसैलाई कुनै शंका छैन । बिचौलियाहरूले भागबन्डा मिलाउन नसकेर सतहमा आएको विश्वास गरिने नक्कली भुटानी शरणार्थी प्रकरणले जलेसरियाहरूलाई पटक्कै उद्वेलित नगर्ने रहेछ ।

संसारीमाईको पूजापाठ चलिरहेकै बेला भारतमा उपचाररत मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल शाहको निधनको खबर आइपुग्यो । उनको उमेर ७० वर्ष पनि पुगेको थिएन । डा. शाह अदम्य प्रकृतिका व्यक्ति थिए । हाडजोर्नी एवं नसाका क्षमतावान् चिकित्सक र प्राध्यापक त थिए नै, उनमा आफ्नो पेसालाई नाघेर बृहत्तर समाजका लागि केही गरूँ भन्ने उदात्त भाव पनि थियो । हरेक प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुने गर्थे । सन् २००२ यता सुस्तरी शाही-सैनिक शासन हावी हुँदै गएपछि उनमा उकुसमुकुस देख्न सकिन्थ्यो, यद्यपि नेपाली कांग्रेसको 'देउवाली' खेमासँग नजिक भएकाले खुलेर बोल्न हच्किन्थे । त्यही कालखण्डमा हुनुपर्छ, उनले हिन्दीका प्रख्यात कवि दुष्यन्त कुमारको गजलसंग्रह 'साये में धूप' अनुवाद एवं प्रकाशनका लागि औपचारिक अनुमति प्राप्त गरे । संस्कृतिविद् रामदयाल राकेशले गजलहरूको नेपालीमा उल्था गरे । पुस्तक विमोचन पनि भयो ।

तर गजलका शब्द र भाव समात्न सकिए पनि तिनको सांगीतिक झंकारलाई अनुवाद गर्न नसकिने रहेछ । पछिसम्म डा. शाह गजलकार दुष्यन्तका हिन्दी पंक्तिहरू नै दोहोर्‍याउने गर्थे– 'पक गई हैं आदतें बातों से सर होंगी नहीं कोई हंगामा करो ऐसे गुजर होगी नहीं/इन ठिठुरती उँगलियों को इस लपट पर सेंक लो/धूप अब घर की किसी दीवार पर होगी नहीं ।'

अन्य धेरै मधेशी पेसाकर्मीजस्तै सन् २०१५ पछि भने उनलाई पनि अवसादले छोप्दै लगेको थियो । फेरि पनि गजलकार दुष्यन्तका शब्दहरू नै सम्झिन्थे– 'हमको पता नहीं था हमें अब पता चला/इस मुल्क में हमारी हकूमत नहीं रही ।' उनीसँग निकटता त थिएन, आत्मीयता भने थियो । सुने अनुसार अन्तकालतिर असह्य पीडामा थिए । भेट्न पाएको भए आफूलाई मन पर्ने कविका केही पंक्ति पुन: सुनाउँथे– 'सुख नहीं यों खौलने में सुख नहीं कोई/पर अभी जागी नहीं वह चेतना सोयी/वह समय की प्रतीक्षा में है जगेगी आप/ज्यों कि लहराती हुई ढकनें उठाती भाप/अभी तो यह आग जलती रहे, जलती रहे/जिन्दगी यों ही कडाहों में उबलती रहे ।' मधेश कराहीमा उम्लिरहेको छ, डा. शाह भने बिदा भए ।

### बहकाउने विवाद

फ्रान्सेली भाषाबाट अंग्रेजीमा छिरेको एउटा शब्द छ– 'डिभर्टिस्मन्ट' । जीवनका कष्टप्रद एवं बोझिल समस्याबाट ध्यान अन्यत्र मोड्न बुद्धिमान् व्यक्तिहरूले देख्दा वा सुनिँदा आकर्षक लाग्ने तर निरर्थक मुद्दाहरू उचाल्छन् । मूढमति भएकाहरू त्यस्तै बहकाउका पछाडि बेतोडले कुद्न थाल्छन् । गहिरो हीनताबोधले ग्रस्त सहरिया समर्थक समूहका पूर्वाग्रहहरूको तुष्टिका लागि काठमाडौंका मेयरले आफ्नो कार्यकक्षमा एकताकाको गोर्खा सम्राज्यको अनुमानित नक्सालाई प्रामाणिक 'विशाल नेपाल' बनाएर झुन्ड्याएका छन् । त्यस भित्तेचित्रको उपयोगिता पुच्छे नक्साभन्दा पनि अव्यावहारिक छ । गोर्खालीहरूले सुगौली सन्धिमार्फत इस्ट इन्डिया कम्पनीका अगाडि आत्मसमर्पण गरेपछि नेपालको क्षेत्रफल अहिलेभन्दा पनि साँघुरिन पुगेको थियो ।

मध्य र पूर्वी तराईको बिर्ताबिगर गोर्खाली सम्भ्रान्तको दानापानी नचल्ने भई मध्यवर्ती राज्यमा उथलपुथल हुने देखेर कम्पनी सरकारले चुरेमुनिको भाग फिर्ता गरेको थियो । बिर्ता गोर्खालीहरूले फिर्ता पाए, मधेशीहरूका लागि दु:खका दिन सुरु भए । नयाँ मुलुक भनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका भूभाग त जंगबहादुर कुँवरले सिपाही विद्रोह दबाउन सन् १८५७ मा कम्पनी सरकारलाई सेवा पुर्‍याएबापत सन् १८६० ताका मात्रै बकसमा पाएका थिए ।

जंगले बकसको जमिन आफन्तहरूमा बाँडे, थारू र माझीहरूको दासताको बीजारोपण भयो । नेपालको अहिलेको साँध-सिमाना स्वतन्त्र भारतसँग सन् १९५० मा सम्पन्न सन्धिले सुनिश्चित गरेको हो । त्यसभन्दा बाहिर गएर गफ हाँक्नेहरू कि त साह्रै सोझा हुन् वा असाध्यै बिभिन्ड्याहा ! परिकल्पित भित्तेचित्रको उपयोगिता प्रदर्शनीमा हुन सक्थ्यो, तर त्यस कलाकृतिको बोझ बोक्न काठमाडौंका मेयरको काँधले सक्दैन । अहिलेलाई उनले 'विशाल काठमाडौं' समावेशी र सबै खाले सामान्यजन लायक बनाउन सके पुग्छ । मेयरको पदीय दायित्व मूलत: सहरको प्रमुख कुचीकार भएकाले सम्मानित मानिएको हो ।

नेकपा (एमाले) देखि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सम्मका सांस्कृतिक राष्ट्रवादका समर्थकहरूले प्रत्यक्ष निर्वाचित 'राजा' रूपी कार्यकारी प्रमुखको खोजी गर्नु प्रकारान्तरले बालेन शाह वा हर्क साम्पाङजस्ता प्रतीकात्मक अल्पसंख्यकको सहवरण गरेर नृजातीय सत्तालाई निरन्तरता दिन चाहनु मात्रै हो । सार्थक राजनीतिक बहसका मुद्दाहरू अनेक छन् । विद्यमान संविधानलाई परित्याग नगरी के पहिचानका आधारमा प्रदेशहरूको यथार्थपरक पुन:सीमांकन सम्भव छ ? त्यसो गर्न सकिन्न भने अञ्चल वा विकास क्षेत्रका नाम ग्रहण गरेका प्रदेशहरू सारभूत रूपमा त्यसभन्दा बाहिर निस्कन सक्नेछैनन् ।

कोशी नामकरणविरुद्धको आन्दोलन केही जनजाति अगुवाहरूको सान्दर्भिकता पुन:स्थापित गर्ने सडक अभियानमा सीमित हुन जान सक्छ । पंगु बनाइएका प्रदेशहरूलाई शक्तिसम्पन्न बनाएर सार्थक संघीयताको अभ्यास के यसै संविधानमा संशोधन गरेर गर्न सकिन्छ ? त्यसो हुन सकेन भने प्रादेशिक संरचनाहरू फगत कार्यकर्ता व्यवस्थापनका संयन्त्र हुनेछन् । राजनीतिक दलहरूलाई नैतिकताका न्यूनतम मापदण्डहरूको दायराभित्र ल्याउन के गर्न सकिन्छ ? राजनीतिक दल गतिशील हुन सकेनन् भने राष्ट्रपति रेसेप तैयप एर्दोगन वा प्रधानमन्त्री नरेन्द्र मोदीजस्ता प्रियतावादी तर दबंग शासकहरूको नेपाली संस्करण खस-आर्यका नृजातीय मुख्तियार खड्गप्रसाद शर्मा ओलीभन्दा पनि मनपरी गर्ने किसिमको भएर देखा पर्नेछन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विश्वसनीय कसरी बनाउन सकिन्छरु? अदालतको गरिमा स्थापित गर्ने उपाय के होरु? अहँ, कोही मुख खोल्दैनन् । चर्चा प्रधानमन्त्री पुष्पकमल दाहालको गेरु वस्त्रको छ । स्थायी सत्ताका अगाडि नि:सर्त आत्मसमर्पण गरिसकेपछि उनीसँग अब विकल्प नै के बाँकी थियो र ! लबेदा-सुरुवाल भिरेर शपथग्रहण गरे, गेरु वस्त्र धारण गरेर उज्जैनका महाकाललाई रूद्राक्ष अर्पण गरे र पशुपतिमा भेटी चढाए । मैथिल मान्यता अनुसार, जुनसुकै ज्योतिर्लिंगको दर्शन गरेर फर्केपछि स्थानदेवताको आराधना गर्नुको अर्थ हरेक पटक त्यहाँ पुग्दा ज्योतिर्लिंगको पुनर्दर्शनको पुण्य प्राप्त गर्नु हो । झोल खाएर चोक्टा नछोए पनि शाकाहारी नरहिने भएपछि माछामासुतिर मन दौडिएजस्तै अब प्रधानमन्त्री दाहाल हरेक सनातनी कर्मकाण्डमा सहभागी भए पनि अचम्म मान्नुपर्नेछैन । महात्मा मार्क्सले माओवादी दाहालका भूराजनीतिक एवं भूसांस्कृतिक बाध्यताहरू बुझेर पक्कै पनि उनलाई माफ गर्नेछन् ।

### व्यावहारिक कठिनाइ

राजनीतिक मुद्दाहरू त जे छन्, छँदै छन् । मधेशको दैनिक जीवनका अप्ठ्याराहरू राष्ट्रिय समाचारको शीर्षमा कहिल्यै नपुग्ने रहेछन् । यस पटकको सुक्खाले मध्य-मधेशमा सन् १९६७-६८ को रौदीलाई सम्झाएको छ । त्यस बेला पञ्चायतको जगजगी थियो । कृषि विकास आयोजनामा मात्र प्रयोग गरिने आश्वासन दिएर अनिवार्य बचत संकलन गरिन्थ्यो । बीउसमेत राख्न नपाई साना किसानले अनिवार्य बचत बुझाउनुपर्थ्यो । किसानले रासायनिक मल त परको कुरा भयो, बीउबिजनसम्म पाउँदैनथे ।

सीमापारि बिहारमा जनक्रान्ति दलका मुख्यमन्त्री महामयाप्रसाद सिन्हाको सरकारले आपत्कालीन राहतको व्यवस्था गरेको थियो । सीमा खुला भएकाले त्यसको लाभ विष्णुको अवतारका प्रजाहरूले पनि उठाउन पाउँथे । अहिले भैरहवातिरका कुनचाहिँ भन्सार अधिकृतलाई दैनिक १०० रुपैयाँभन्दा बढीको खरिददारीमा कर लगाउने र अपराधीकरण ठहर्‍याउने रहर पलाएछ । मधेशका आधाभन्दा बढी सीमावर्ती गाउँतिर कोक्रोको थाङ्नामा ओछ्याइने भुवादार तौलियादेखि शव ढाक्ने सुती कात्रोसम्मको जोहो उतैबाट गर्ने गरिन्छ । गम्छा र गन्जीदेखि तन्ना र कम्बलसम्म उतैबाट ल्याउने गरिन्छ । राज्यभन्दा समाज एवं ऐनभन्दा सामुदायिक सम्बन्ध पुरानो हो भन्ने कुरा ठम्याउन नसक्नेहरू शासन चलाउन योग्य हुन्नन् ।

वैश्विक उष्णता एवं जलवायु परिवर्तनका ठूलठूला कुराहरूले गर्दा सामान्यजनका ससाना कठिनाइहरू ओझेलमा पुग्न जाने रहेछन् । सन् १९८० को दशकसम्म हावापानीको दृष्टिकोणले पूर्वको जलेश्वर र पश्चिमको टीकापुर मधेशका सबभन्दा राम्रा सहर मानिन्थे । एक पटक कुनचाहिँ अञ्चलाधीशमा जलेश्वरको निर्मल जल जनकपुर पुर्‍याउने रहर पलाएछ । आधाउधी संरचनामा लगानी भइसकेपछि हिम्मत गरेर एक इन्जिनियरले दक्षिणको पानी उत्तर पुर्‍याउन पम्पिङ गर्ने खर्च बेपत्ता बढ्ने कुरा बिन्ती बिसाएछन् । त्यो योजना त्यत्तिकै तुहियो । जनकपुरमा पानीको संकट भने गहिरिँदै गइरहेको छ । ह्यान्डपम्पबाट पानी आउन १ लाखभन्दा बढी खर्चेर ४०० फिटभन्दा मुनिसम्म पाइप धसाउनुपर्छ ।

*(साभार: ई-कान्तिपुर)*

# संसदीय सुनुवाइमा बहालवाला न्यायाधीशको अतिरिक्त सक्रियता

काठमाडौं/बहालवाला जिल्ला न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध संसदीय सुनुवाइ समितिमा उजुरी दिए । संघीय संसद सचिवालयको रेकर्डअनुसार संवैधानिक परिषदबाट प्रधानन्यायाधीशमा सिफारिस व्यक्तिविरुद्ध बहालवाला जिल्ला न्यायाधीशले नै उजुरी दिएको यो पहिलो घटना हो ।

भट्टराईले कार्कीविरुद्ध संसदीय सुनुवाइ समितिमा उजुरी दिने सबै उजुरीकर्ताहरुले सामूहिक रुपमै प्रश्न गर्न पाउनुपर्छ, कार्कीलाई प्रधानन्यायाधीश बनाउनै हुन्न भनी माग राख्ने समूहको समेत नेतृत्व गरेका छन् । यतिमात्र होइन, यी माग पूरा नभएपछि डा. भट्टराई नेतृत्वको समूह संसदीय सुनुवाइ समिति नै अवैध रहेको तर्क गर्दै सडकमा आवाज उठाउने निर्णयमा पुगेको छ ।





बुधबार संसदीय सुनुवाइ समितिले कार्कीविरुद्ध उजुरी दिएका उजुरीकर्ताहरुसँग छलफल राखेको थियो । कार्कीविरुद्ध ३८ जनाले २९ वटा उजुरी दिएका थिए । प्रत्येक उजुरीका लागि १० मिनेटको समय छुट्याएर सुनुवाइ समितिले उजुरीकर्ताहरुलाई बोलाएको थियो ।

२९ जना उजुरीकर्ताहरु समुहमै उपस्थित भएका थिए । सुनुवाइ समितिले एक/एक जनासँग छलफल गर्ने योजना बनाएको थियो । २९ जना उजुरीकर्ताले सामूहिक छलफलको माग गरे । सुनुवाइ समितिले नमानेपछि छलफल गर्न उजुरीकर्ताहरुको तर्फबाट टोली नेता छानिए उनै बहालवाला न्यायाधीश भट्टराई, वरिष्ठ अधिवक्ता बलाल श्रेष्ठ र अधिवक्ता अमृत खरेल ।

टोली नेताहरुको पनि नेतृत्व गर्दै डा. भट्टराईले सुनुवाइ समितिका सचिव एवं प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डे, प्रतिनिधिसभाका सहसचिव (कानून) लक्ष्मीप्रसाद गौतम, संसद सचिवालयका प्रवक्ता एकराम गिरी लगायतसँग छलफल गरे ।

डा. भट्टराई आफूले नेतृत्व गरेका सबै उजुरीकर्ताहरुलाई सुनुवाइ समितिको बैठक कक्षमा सामूहिक प्रवेश गराउन पनि सफल भए । बोल्नका लागि फेरि पनि उनै टोली नेता भट्टराई, श्रेष्ठ र खरेललाई दिने सहमति थियो ।

उजुरीकर्ता र समिति सदस्यहरुका अनुसार उक्त छलफल उजुरीमाथिको छलफल हो कि अन्य भन्नेमा अन्योलपूर्ण बन्न पुग्यो । उजुरीकर्ताहरुको तर्फबाट बोल्न सुरु गरेका बहालवाला न्यायाधीश डा. भट्टराईले प्रधानन्यायाधीशका लागि प्रस्तावित कार्की राजनीतिक रुपमा संलग्न व्यक्ति भएको र त्यस्तो व्यक्तिलाई प्रधानन्यायाधीश बनाउन हुन्न भन्दा आफूहरुमाथि अपमानजनक व्यवहार भएको वताए ।

यसपछि उनले समिति सदस्यहरुदेखि, समितिका सचिव, संसदका अन्य कर्मचारीहरु समेतको नाम लिएर थप प्रश्न गर्न थाले । समिति सदस्यले उनलाई उजुरी के हो भनेर सोधे । यसपछि उजुरीकर्ताहरुले उजुरीमाथि सुनुवाइ गर्ने समितिको वैधतामाथि नै प्रश्न उठाए । सांसदहरु उजुरी के के छन् भनेर सोध्ने र उजुरीकर्ताहरु समिति अवैध रहेको तर्क गर्ने क्रम करिब २० मिनेटसम्म चल्यो । त्यसपछि सुनुवाइ समितिको सभापतित्व गरिरहेका समिति सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले समय सकिएको भन्दै उजुरीकर्ताहरुलाई बैठक कक्षबाट बाहिरिन आग्रह गरे ।

आफ्नै उजुरीमाथि छलफल गर्न इन्कार गरेका २९ जना उजुरीकर्ताहरु समितिले जालसाजी गरेको आरोप लगाउँदै बाहिरिए । बाहिरिएपछि उजुरीकर्ता समेत रहेका वरिष्ठ अधिवक्ता श्रेष्ठले भने, 'अब सडकमा आवाज उठाउँछौं । समितिले जालसाजी गऱ्यो ।' कतिपय उजुरीकर्ताहरु सांसदहरुलाई भ्रष्टाचारी भने, कतिपय नाम याद राख्ने चेतावनी दिँदै बाहिरिए ।

२९ जना उजुरीकर्ताको समूह बाहिरएपछि समितिले बाँकी ७ जना उजुरीकर्तासँग एक्लाएक्लै छलफल गऱ्यो । एउटा बेनामे उजुरी परेको थियो । बेनामे उजुरीकर्तालाई छलफलमा बोलाइएको थिएन ।

पूर्वन्यायाधीश बलराम केसी सुनुवाइ समितिमा बुधबार देखिएको दृश्यको पछाडिको इतिहास पनि बुझ्नुपर्ने बताउँछन् । साथै यस दृश्यलाई सकारात्मक र नकारात्मक दुवै रुपमा लिन सकिने उनलाई लाग्छ ।

'यो उजुरी (प्रस्तावित प्रधान न्यायाधीशविरुद्ध बहालवाला न्यायाधीश समेतको उजुरी) ले अब न्यायापरिषदलाई छाडा बन्न गाह्रो पर्छ । किनभने गलत न्यायाधीश बनेको छ भन्ने लाग्यो भने प्रधानन्यायाधीशमा प्रस्तावित हुँदा बाँकी सबै न्यायाधीशरुहरुले उजुरी गर्न सक्ने भए । यसकारण यसलाई समेत ख्याल गरेर अब न्यायपरिषद थप जिम्मेवार बन्नुपर्छ ।'

प्रधानन्यायाधीशमा प्रस्तावित कार्कीविरुद्ध अहिले अधिवक्ता र बहालवाला न्यायाधीशले नै उजुरी लिएर जानुका पछाडि २०७२ सालको निर्णय हेर्न उनी सुझाउँछन् । 'संसदीय सुनुवाइमा उजुरी परेको अहिलेका हरिकृष्ण कार्कीविरुद्ध होइन । कल्याण श्रेष्ठ र कानुनमन्त्री अगिन खरेको भागवण्डामा २०७२ सालमा जुन नियुक्त गरियो त्यसविरुद्ध अहिले उजुरी परेको हो,' उनले भने ।

तर, जे जस्तो अवस्था र परिस्थिति भएता पनि उजुरीकर्ताहरुले संसदीय सुनुवाइ समितिमा प्रस्तावित व्यक्तिलाई आफैँले प्रश्न गर्न पाउनुपर्छ भन्नु गलत भएको पूर्वन्यायाधीश केसीको भनाइ छ । उनी भन्छन्, 'सुनुवाइ संसदको आन्तरिक कारबाही हो, त्यसमा दख्खल दिन पाइँदैन । आफ्नो कुरा राख्न पाइन्छ । बाँकी संसदको अधिकार हो । उजुरीबारे हामीलाई बोलाऊ भन्न पाइयो, हरिकृष्ण कार्कीलाई मै प्रश्न गर्छु भन्न पाइँदैन ।'

संसद सचिवालयका अधिकारीहरु पनि बहालवाला न्यायाधीशले प्रस्तावित प्रधानन्यायाधीश विरुद्ध उजुरी दिने नजिर गलत रुपमा स्थापित हुन सक्ने चिन्ता व्यक्त गर्छन् ।

यसले न्यायाधीश मात्रै नभएर अन्य संवैधानिक अंग र निकायका प्रमुखहरुको नियुक्ति सिफारिसविरुद्ध सम्बन्धित अंग र निकायका बहालवाला अधिकारीहरुले उजुरी दिने बाटो खुलेको छ । अब यस्तो समस्या आउन सक्ने भएकाले त्यसलाई समेत ख्याल गरेर कानुन नबनाएर अप्ठ्यारो हुन सक्ने एक अधिकारीले बताउँछन् ।

'अमेरिकामा संसदीय सुनुवाइ समिति सदस्यहरुले प्रस्तावित व्यक्तिविरुद्ध आफैं अध्ययन गर्छन, विवेक प्रयोग गर्छन् र निष्पक्ष रुपमा निर्णय गर्छरुरु', ती अधिकारी भन्छन्, 'हाम्रोमा त्यस खालको वातावरण नबनाउने र वुधवारको जस्तो दृश्य हरेक सिफारिसमाथिका सुनुवाइका क्रममा देखिए थप प्रश्नहरु उठ्नेछन् ।'

संसदीय मामिलाका जानकार संसदका पूर्वमहासचिव सूर्यकिरण गुरुङ पनि सांसदहरूको विवेकमाथि भरोसा गर्नुपर्ने वताउँछन् । उनी भन्छन्, 'कुनै व्यक्तिमाथि उजुरी गर्नु भनेको सांसदहरूलाई स्वतन्त्र निर्णय लिन सघाउनु मात्रै हो, हस्तक्षेप गर्नु होइन । यस्तो काम संविधान, कानुन र संसदीय प्रणालीको मान्यता विपरित हुन जान्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# अनमोलले पूजाका कारण नकारेका थिए 'प्रेमगीत' ?

काठमाडौं/सन् २०१६ मा प्रदर्शन भएको फिल्म 'प्रेमगीत'ले दुईजना कलाकारको करिअरको रुपरेखा नै बदल्यो । उनीहरु हुन्, प्रदीप खड्का र पूजा शर्मा । यो उनीहरु दुवैको पहिलो फिल्म भने थिएन । यसअघि केही फिल्ममा काम गरिसकेको भए पनि दुवै सफलताबाट विमुख थिए । 'प्रेमगीत'ले भने दुवैलाई करिअरको उचाईंमा पुऱ्यायो । यतिबेला उनीहरु नेपाली फिल्मका 'लिडिङ' कलाकार हुन् ।



तर, 'प्रेमगीत'का लागि प्रदीप पहिलो रोजाईमा थिएनन् । थिए त, अभिनेता अनमोल केसी । तर, उनले फिल्म गर्ने इच्छा देखाएनन् । र, अडिसनबाट प्रदीपलाई छनोट गरिएको थियो, जो अहिले अनमोलको टक्करका प्रतिस्पर्धी हुन् । पूजा भने फिल्ममा सबैभन्दा अगाडि छनोट भैसकेकी थिइन् । उनकै कारण अनमोलले फिल्म गर्न अस्वीकार गरेको कुरा त्यसबेला नै गाइँगुइँ सुनिएको थियो ।

यसै साता अभिनेत्री निशा अधिकारीको पोडकास्टमा पूजाले यो कुरामा लालमोहर लगाएकी छन् । यद्यपि, उनले नाम भने उच्चारण गरेकी छैनन् । उनले भनेकी छन्, 'अर्को कलाकारले 'प्रेमगीत'मा काम गर्ने कुरा थियो । त्यो एक्टरले म भएकाले नखेल्ने भन्ने कुरा सन्तोष सेन दाईले मलाई भन्नुभयो । मलाई निकै चित्त दुखेको थियो । त्यो फिल्मको हरेक सटपछि म पर्खाल पछाडि गएर रुन्थेँ ।'

त्यही बेला पूजाले इख लिएकी रहेछिन्, 'यो मान्छेको अघि म केही गरेर र बनेर देखाउँछु ।' आज आफूले यो स्थान हासिल गर्नुमा उनी ती व्यक्तिलाई नै श्रेय दिन्छिन् । र, उनले ती व्यक्तिलाई धेरै पटक सामुन्नेमै भनिसकेकी छन् रे, 'तपाईंले रिजेक्ट गरेकै कारण म आज यहाँ छु ।' पोडकास्टमा उनले जिमखानाको ट्रेडमिलमा कुद्दा समेत आफूले त्यो व्यक्तिलाई सम्झिने गरेको बताएकी छन् ।

पूजाले 'ती व्यक्ति' भनेर अनमोललाई इंकित गरेको हो भन्ने कुरा तब बुझिन्छ, जब पोडकास्टमा निशाले 'अहिले एक फिल्ममा सँगै काम गर्न लागेको होइन ?' भनेर सोध्छिन् । अनि पूजाले 'आँ गर्दा अलङ्कार' बुझ्ने भाषामा बेलिविस्तार लगाउँछिन् । अघिल्लो वर्ष आफ्नो एक फिल्ममा अनमोललाई उनले साइन गराएकी थिइन् । तर, विभिन्न कारणले यो फिल्म अब नबन्ने अवस्थामा पुगेको छ ।

उनले अनमोलसँगको फिल्मको बारेमा भनेकी छन्, 'सम्झौता भैसकेको थियो । तर, कति कुराहरु जे हुन्छ राम्रोकै लागि हुने रैछ । मलाई अहिलेसम्म भगवानले एकदमै जोगाउनुभएको छ । मेरो लागि ड्रिम प्रोजेक्ट थियो । ३/४ सिरिज जानेवाला थियो । त्योभन्दा अगाडि मैले पाथिभरा मन्दिरमा फिल्मको प्राथना गर्दै क्ल्याप पूजा गरेँ । त्यहाँबाट आएको केही दिनपछि टिम नै छिन्नभिन्न भयो ।'

उनले त्यो फिल्ममा आफ्नो ३५ लाख गैसकेको बताएकी छन् । यद्यपि, उनलाई कुनै गुनासो छैन । बरु अरु पैसा गुम्नबाट बचेकोमा उनी खुसी छिन् । 'मलाई पछि धेरैले यो फिल्म नहुनु नै तिम्रो लागि राम्रो हो भनेर सम्झाउनुभयो । अनि मलाई पनि लाग्यो कि यो भगवानले नै जुराउनु भएको रहेछ । सबैथोक विग्रनु नै नहुनलाई रहेछ । अहिले म त्यो प्रोजेक्ट नभएकोमा खुसी छु,' उनले भनिन् ।

# दीवाकरको 'मायावी'मा दीपिका र आशिर्वाद

काठमाडौं/'ऐश्वर्य' फेम्ड निर्देशक दीवाकर भट्टराई नयाँ फिल्मको तयारीमा जुटेका छन् । कोभिडभन्दा अघि घोषणा गरिएको फिल्म 'तिमीसँगै हुने मन छ'लाई पछि सार्दै उनले 'मायावी' नाममा फिल्म बनाउन लागेका हुन् । लभस्टोरी कथामा बन्न लागेको फिल्ममा दीपिका प्रसाईं (भट्टराई) र आशिर्वाद क्षेत्रीको जोडी बाँधिने निश्चित भएको छ । आशिर्वादले फिल्म 'नाईं नभन्नू ल ६'बाट डेब्यू गरेका थिए ।





आगामी असारपछि छायांकनमा जाने फिल्मको पटकथा निर्देशक भट्टराई स्वयंको हो । सम्पूर्ण छायांकन पोखरामा हुने फिल्मका लागि दीपिका र आशिर्वादबाहेक अरु कलाकार छनोट भएका छैनन् । अहिले दुवैजनाले वर्कसप गरिरहेका छन् । फिल्मको बजेट २ करोड अनुमान गरिएको छ । फिल्ममा दीपिका र आशिर्वाद दुवै रोमान्टिक भूमिकामा प्रस्तुत हुने दीवाकरले जानकारी दिए ।

निर्देशक भट्टराईले 'नाईं नभन्नू ल ६'मा काम हेरेपछि आशिर्वादलाई फिल्ममा अनुबन्ध गरेका हुन् । उनले भने, 'उहाँसँग कुराकानी चाहिँ भैरहेको थियो । सम्झौता फिल्म हेरिसकेपछि नै भएको हो । मैले लभस्टोरी फिल्म बनाउने भएकाले उहाँमा हरेक हिसाबबाट सम्भावना देखेँ । उहाँ पनि काम गर्नलाई इच्छुक भएपछि सहकार्य जुऱ्यो ।' फिल्मको पात्रमा आशिर्वाद सुहाउने उनको भनाई छ ।

'तिमीसँगै हुने मन छ' भने अर्को वर्ष निर्माणको योजनामा दीवाकर छन् । यो फिल्मका लागि भारतका रोहित सुचान्तीलाई सम्झौता गरिएको छ । उनको व्यस्तताले तत्काललाई फिल्म पोस्टपोन्ड गरिएको दीवाकरले बताए । यो फिल्ममा दीपिकाको पनि अभिनय रहनेछ । 'मायावी' लगत्तै दीवाकर अर्को फिल्मको तयारीमा छन् । उनले अघिल्लो वर्ष फिल्म 'हनी बनी'को छायांकन गरेका थिए ।

# प्रादेशिक अस्पतालको ओपीडी सेवा दुई सिफ्टमा चलाउन माग

बुटवल/लुम्बिनी प्रादेशिक अस्पतालको सेवा सुधार र विस्तार गर्न माग गर्दै नेकपा एमाले बुटवल उपमहानगर कमिटीले अस्पताल प्रशासनलाई २४ बुँदे ज्ञापनपत्र बुझाएको छ ।

अस्पतालमा बिरामीको चाप बढी भएकाले ओपीडी सेवालाई दुई सिफ्टमा सञ्चालन गर्नुपर्ने, विरामीलाई आवश्यक रगतको आपूर्तिका लागि अस्पतालमै ब्लड बैंकको सेवा केन्द्र स्थापना गर्नुपर्ने लगायतका माग गरिएको छ ।

यस्तै अस्पतालको गुरुयोजना अनुसार १२ सय शैयाको अस्पताल भवन ठेक्का प्रकृयालाई पारदर्शी ढंगले अघि बढाउन पनि माग गरिएको छ ।

एमाले बुटवल नगर कमिटीका अध्यक्ष किसन ज्ञवालीको नेतृत्वमा गएको टोलीले अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ र मेडिकल सुपरिटेन्डेन्ट डा. सुदर्शन थापालाई संयुक्त रुपमा बुझाएको ज्ञापनपत्रमा ओपीडी सेवा १० देखि २ बजे सम्म मात्र भएकाले टाढाबाट आउने बिरामीले सेवा लिन नपाएको हुँदा बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दुई सिफ्टमा सञ्चालन हुने व्यवस्था मिलाउन माग गरेको छ ।

एकै ठाउँमा सबै प्रकारका ओपीडी सेवा प्रदान गर्दा भिडभाड र अव्यवस्थित भएको हुदा ओपीडी सेवालाई फरक फरक स्थानमा विकेन्द्रकरण गरेर सेवाप्रवाह गर्न माग गरिएको छ ।

यस्तै ल्याबका रिपोर्टहरुको विश्वसनीयतामा विभिन्न समयमा प्रश्नहरु उठेकाले गुणस्तरीय मेसिन, इक्युपमेन्ट, गुणस्तरीय केमिकल र दक्ष जनशक्तिको सन्तुलनमा देखिएको समस्या समाधान गर्न माग गरिएको छ ।

अस्पताल विकास समितिका अध्यक्ष श्रेष्ठले अस्पतालको क्षमता भन्दा तीन गुणा बढी विरामीको चाप भएकाले दरबन्दी थप गरी जनशक्ति व्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने बताए ।

जिल्ला अस्पताल र पालिकामा भएका स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तरीय र प्रभावकारी बनाउन सके प्रादेशिक अस्पतालमा चाप कम हुने अध्यक्ष श्रेष्ठले औंल्याए ।

# धरौटीमा छुटेपछि अनलाइन बेटिङ र क्रिप्टो कारोबारमा सक्रिय

काठमाडौं/वान एक्स बेटमार्फत अनलाइन सट्टेबाजी गराउने र क्रिप्टोकरेन्सी काराबोरमा सक्रिय भएको आरोपमा प्रहरीले ५ जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेकामा २९ वर्षका दिनेश खड्का पनि छन् ।

कैलाली लम्कीचुहा-१० घर भएका उनी चाबहिलमा बस्छन् । प्रहरीका अनुसार उनले रामविलाश डी थारु, अनिता धिताल लगायतको कागजात प्रयोग गरेर ६३ वटा खाता खोलेका थिए, जसमध्ये १२ वटाबाट ६४ करोड रुपैयाँ कारोबार भएको पाइएको छ । अनिताले आफ्नो मोबाइलमा बाइनान्स खाता खोलेर क्रिप्टोकरेन्सी कारोबार गर्ने गर्थिन् । दिनेशले छद्म नामबाट कनेक्ट आईपीएसमा खाता खोलेर कारोबार गर्ने गरेका थिए ।

दिनेश तिनै व्यक्ति हुन्, जो २०७८ माघमा अमेरिकी डलरको अवैध अपचलनको मुद्दामा मुछिएका थिए । नेपाली रुपैयाँलाई अमेरिकी डलरमा रुपान्तरण गरेर मोबाइल एपमार्फत अज्ञात ठाउँमा भुक्तानी गरेको आरोपमा दिनेशसहित उनका दिदी, बाबु र अनिताविरुद्ध विदेशी विनिमय अपचलनको मुद्दा नै चलेको थियो ।

उनीहरुले तीन महिनामा ३७ करोड ६४ लाखभन्दा बढी नेपाली रुपैयाँलाई डलरमा रुपान्तरण गरेर अनलाइनमार्फत अज्ञात ठाउँमा भुक्तानी गरेको राजश्व अनुसन्धान विभागको दाबी थियो । राजश्व अनुसन्धान विभागले पक्राउ गर्दा नै दिनेश क्रिप्टोकरेन्सी कारोबारमा संलग्न भएको आशंका गरिएको थियो ।

विभागका अधिकारीहरुका अनुसार एकातिर २९ दिनभित्र मुद्दा बुझाउनुपर्ने थियो भने तर अनिता पक्राउ नपरेका कारण क्रिप्टोकरेन्सीबारे अनुसन्धान हुन सकेको थिएन । मुद्दा दर्ता भएपछि जिल्ला अदालत, काठमाडौं ६ दिन थुनछेक बहस भयो, दिनेश २५ लाख रुपैयाँ धरौटी बुझाए छुटे । दिनेश नै छुटेपछि विभागले थप अनुसन्धान गरेन ।

त्यसको झण्डै डेढ वर्ष पछि सट्टेबाजी गराउने र क्रिप्टोकरेन्सी कारोबारको आरोपमा दिनेश र अनिता दुबै पक्राउ परेका छन् । प्रहरीका अनुसार वानएक्स बेटमार्फत अनलाइन सट्टेबाजी गराउने दिनेश मुख्य कारोबारी हुन् । आईपीएल लगायतमा अनलाइन बेटिङ गराएको खुलेपछि प्रहरीले झण्डै दुई महिनादेखि उनलाई पछ्याइरहेको थियो ।

मोबाइलको माध्यमबाट लोकेसन ट्ऱ्याक गर्न समेत कठिन भएको थियो । मैजुबहालबाट पक्राउ गर्ने क्रममा पनि उनले चलाखी गर्न खोजेका थिए । प्रहरीलाई देख्नासाथ उनले आफूसँग भएको ल्यापटप फुटाए ।

'उनी निकै चलाख रहेछन्, प्रमाण लोप गर्न ल्यापपट नै फुटाएका थिए', कार्यालयका एक अधिकृत भन्छन्, 'उनका विषयमा थप अनुसन्धान भइरहेको छ ।' प्रहरीका अनुसार पक्राउ परेकामध्ये २४ वर्षका आशिष लामिछाने चार्टर्ड एकाउन्टेन्ट नै हुन्, जसले अनलाइन बेटिङमा भएको कारोबारको हिसाब किताब राख्ने गरेका थिए । नुवाकोट कक्ली घर भई नागार्जुन नगरपालिका-२ मा बस्दै आएका उनले विभिन्न बैंकबाट २ करोड ९८ लाख ९५ हजार रुपैयाँको कारोबार गरेको पाइएको छ ।

# इप्पान अध्यक्षमा मल्लको उम्मेदवारी खारेज, कार्की निर्विरोध निर्वाचित हुने

काठमाडौं/स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान)को अध्यक्ष पदमा दावेदारी पेश गरेका किरण मल्लको उम्मेदवारी खारेज भएको छ । संस्थाको स्वीकृत विधानअनुसार उम्मेदवारका लागि अयोग्य रहेको भन्दै निर्वाचन समितिले ७ जनाको उम्मेदवारी खारेज गरेको छ । जसमा सबै मल्ल प्यानलकै छन् । योसँगै अध्यक्षमा गणेश कार्की निर्विरोध हुने देखिएको छ

निर्वाचन समितिले उम्मेदवारको अन्तिम नामवाली प्रकाशन गर्दै वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी दिएका सूर्यप्रसाद अधिकारीको उम्मेदवारी पनि खारेज गरेको छ । विधानअनुसार उनी वरिष्ठ उपाध्यक्ष बन्न योग्य नरहेको समितिको ठहर छ । अब वरिष्ठ उपाध्यक्ष पदमा महोनकुमार डाँगी पनि निर्विरोध हुनेछन् । दाबी विरोधका लागि सार्वजनिक भएको अन्तिम नामावलीमा अध्यक्ष र वरिष्ठ उपाध्यक्ष पदको उम्मेदवारमा कार्की र डाँगीको मात्र नाम छ । उपाध्यक्षमा २ जनाको उम्मेदवारी खारेज भएको छ । ५ जना उपाध्यक्ष चुन्नुपर्नेमा भरतबहादुर खत्री, उत्तम भ्लोन, रामप्रसाद आचार्य, आशिष गर्ग र आनन्द चौधरीको नाम अन्तिम नामावलीमा प्रकाशित भएको छ ।

महासचिवमा पनि एक जनाको उम्मेदवारी खारेज हुँदा बलराम खतिवडा निर्विरोध हुने देखिएको छ । उपमहासचिव पदमा प्रकाशचन्द्र दुलाल मात्रै उम्मेदवार छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"


कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# मनसुन भित्रिएसँगै मकवानपुरमा निरन्तर वर्षा

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/जल तथा मौसम विज्ञान विभाग, काठमाडौंका अनुसार नेपालमा मनसुनको प्रभाव देखा परेको छ ।

मनसुनको प्रभाव रहेसँगै मकवानपुरसहित बागमती प्रदेशका अधिकांश जिल्ला र छिमेकी मधेश प्रदेशका थुप्रै जिल्लामा विगत ३ दिनदेखि वर्षा भइरहेको छ । यसवर्षको मनसुन नेपाल भित्रिएपछि मकवानपुरका १० वटै स्थानीय तहमा गत शनिवार रातीदेखि वर्षा सुरु भएको हो । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ भए पनि यसवर्ष सरदर मितिभन्दा एक दिन ढिला मनसुन भित्रिएको हो । बुधवार नेपाल आगमन भएको मनसुन कोशी, पूर्वी मधेश, बागमती प्रदेशका अधिकांश भू-भाग र गण्डकी प्रदेशका पूर्वी भूभागमा फैलिएको छ ।



मकवानपुरमा लामो समयदेखि वर्षा नहुँदा मकै सुकेका छन् । यहाँ मकै असिनाले चुटेको, खडेरीले सुकेको र हावाहुरीले ढालेको कारण किसान ठूलो चिन्तामा छन् । नेपालका अन्य भूभागहरुमा भने केही दिनमा क्रमिक रुपमा मनसुन फैलिँदै जाने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यसवर्ष देशका अधिकांश स्थानमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ । यद्यपि यो सम्भावना स्थानपिच्छे फरक-फरक हुने छ ।

यसअघि गत दुई वर्ष लगातार औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण विभागले गरेको थियो । तर, गत वर्ष औसतमै वर्षा भएको थियो । दशैंको बेलामा समेत वर्षा हुँदा जनजीवन प्रभावित भएको थियो । अघिल्ला तीन वर्ष लानिनाको प्रभाव थियो । तर, यसवर्ष अलनिनोको प्रभाव हुने सम्भावना रहेकाले वर्षा कम हुने प्रक्षेपण गरिएको मौसमविदको भनाइ छ । समुन्द्रको तापक्रम औसतभन्दा बढी हुनुलाई अलनिनो भनिन्छ । यसैको असर वायुमण्डलमा पर्दा वर्षा कम गराउँछ ।

विभागकी वरिष्ठ मौसमविद इन्दिरा कँडेलले पूर्व र मध्य नेपालका केही क्षेत्रबाहेक अन्य स्थानमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण गरिएको जानकारी दिइन् । उनका अनुसार आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानहरुमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ । यसवर्षको मनुसन अवधिमा नेपालमा वर्षाको प्रक्षेपण विभागका अनुसार कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वी भूभाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भूभाग र मधेश प्रदेशका अधिकांश भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

'कर्णाली प्रदेशका अधिकांश भूभाग, गण्डकी प्रदेशका धेरैजसो भू-भाग, सुदूरपश्चिम प्रदेशका मध्य तथा उत्तरका थोरै भूभाग, लुम्बिनी प्रदेशका पश्चिमी तथा मध्य भू-भाग र कोशी प्रदेशका दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ', विभागले भनेको छ । यस्तै कोशी प्रदेशका पश्चिमी भूभाग, बागमती प्रदेशका धेरैजसो भूभाग, लुम्बिनी प्रदेशका केही भूभाग र सुदूपश्चिम प्रदेशका कञ्चनपुर, कैलाली, बैतडी तथा बझाङ लगायतका भू-भागमा सरदर भन्दा कम हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको प्रक्षेपण छ ।

कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वका थोरै भूभाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भूभाग र मधेश प्रदेशका अधिकांश भूभागमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना छ । कर्णाली र गण्डकीका धेरैजसो, सुदूरपश्चिमका मध्ये तथा उत्तरका थोरै क्षेत्र, लुम्बिनीका पश्चिम तथा मध्य क्षेत्र र कोशीका दक्षिण क्षेत्र भने झनै कम पानी पर्ने प्रक्षेपण छ । वर्षा कम हुने क्षेत्रमा अधिकतम तापक्रम औसतभन्दा बढी भएर गर्मी हुने अनुमान छ । मकवानपुरमा लामो समयदेखि वर्षा नहुँदा गर्मीले विद्यालय नै बन्द गर्नु परेको थियो । निरन्तर ४ दिनदेखि वर्षा हुँदा गर्मीले कष्टकर बनेको जनजीवन सामान्य बन्दै गइरहेको छ ।

# मुख्यमन्त्रीलाई प्रेस सेन्टर मकवानपुरको ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ प्रेस सेन्टरले उठाउँदै आएका र राखेका मागहरुका सन्दर्भमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउनको लागि मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको छ । प्रेस सेन्टर मकवानपुरले वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई पत्रकारहरुको हकहित र ब्यवसायिक सुरक्षाको माग सहित १४ बुंदे ध्यानाकर्षणपत्र बुझाएको हो ।



पत्रमा सरकारले मन्त्री परिषद्बाट निर्णय गरी नीति कार्यक्रममार्फत समानुपातिक विज्ञापन प्रणालीको नीति ल्याएकोमा धन्यबाद दिंदैं व्यवहारिक रुपमा तत्काल कार्यन्वयन गर्न माग गरिएको छ । यसको लागि विज्ञापनलाई एकद्दार प्रणालीमा लैजाने ब्यवस्था मिलाउन र विज्ञापन बोर्डलाई समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनको लागि थप जिम्मेवार बनाउन तथा प्रक्रिया पूरा गरी सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने विषयमा बजेटमा सम्बोधन भए पनि त्यसको कार्यान्वयनमा देखिएको समस्या हल गर्न यथाशीघ्र पहलको लागि ध्यानाकर्षण गराइएको छ ।

त्यसैगरी, भ्रष्टचारविरुद्धको अभियानमा सरकार पछि नहट्न अनुरोध गरिएको छ । ध्यानाकर्षण पत्रमा भनिएको छ 'संविधानले सुनिश्चित गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायत जनपक्षीय उपलब्धीहरु थप संस्थागतगर्नुपर्ने आवश्यकता छ । त्यसका लागि परिवर्तनपक्षधर शक्तिहरुको एकता अपरिहार्य पनि छ । तसर्थ संविधान र संविधानले प्रद्दत गरेका उपलब्धी रक्षाका लागि उभिएका शक्तिबीचको एकता विगतका कमजोरी सच्याउँदै आगामी दिनमा थप मजबुत बनाएर प्रतिगामी शक्तिलाई परास्त गर्ने गरी वर्तमान सरकारले सहकार्य गर्ने विश्वास संगठनले गरेको छ ।'

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न मिडिया काउन्सिल तथा आमसञ्चार माध्यमसँग सम्बन्धित अन्य कानुनहरु यथाशीघ्र प्रक्रियागत हिसाबले अगाडि बढाउन र ती कानूनहरु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन आग्रह गरिएको छ । साथै न्युनतम पारिश्रमिक निर्धारण समितिलाई अनुगमनको समेत जिम्मेवारी दिदै अझ बलियो र प्रभावकारी बनाउन पत्रमा उल्लेख गरिएको छ । यस्तै पछिल्लो पटक पत्रकार तथा आमसञ्चार माध्यमसँग असम्बन्धित साइबर कानुनलाई जोडेर पत्रकार तथा आमसञ्चार माध्यमलाई प्रहरी प्रशासनले अनावश्यक दु:ख दिने तथा धरपकड गर्ने कार्य जारी रहेको भन्दै सञ्चार माध्यमबाट सम्प्रेषित सामग्रीप्रति गुनासो भए सम्बन्धित निकायमा जान सुझाइएको छ ।

सवै श्रमजीवि पत्रकारलाई सामाजिक सुरक्षा कार्यक्रममा समेटने गरी प्रभावकारी नीति बनाउन र त्यस्ता समाजिक सुरक्षा कार्यक्रम आम पत्रकारहरुको पहुँचसम्म पुऱ्याउन माग गरिएको छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारीस गरेको पत्रकारको न्यूनतम पारिश्रमिक तत्काल लागु गर्न पत्रमा अनुरोध गरिएको छ ।

त्यसैगरी सञ्चारमाध्यम सरकार मातहतका कुनै एक निकायमा दर्ता भइसकेपछि त्यसलाई अन्यत्र समेत सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्ड, सञ्चार रजिष्ट्रारको कार्यालयलगायतमा दर्ता/नवीकरण गरिरहनुपर्ने झण्झटिलो व्यवस्था तत्काल खारेज गरी कुनै एक ठाउँको दर्तालाई नै आधार मानी काम कारबाही गर्न सकिने व्यवस्था गर्न माग गरिएको छ ।

राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन रेडियो नेपाल, गोरखापत्र लगायत सरकारी तथा नीजि सञ्चार माध्यममा कार्यरत श्रमजीवी पत्रकारहरुको रोजगारी सुनिश्चितताको वातावरण निर्माण गर्न आग्रह गर्दै पत्रकारको दक्षता अभिवृद्धिका लागि गठन गर्ने भनिएको आम सञ्चार प्रशिक्षण प्रतिष्ठान तत्काल गठन गर्नका लागि सरकारसँग आग्रह गरिएको छ । प्रेस सेन्टरले देशभरीबाट ध्याकर्षण बुझाउने कार्यक्रम अन्तर्गत मकवानपुरले पनि मुख्यमन्त्रीलाई पत्र बुझाउदै पत्रकार हकहितमा लाग्न आग्रह गरिएको बताएको हो ।

# हेटौंडाबाट ९ बुँदे सहकारी प्रतिबद्धता जारी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ सहकारी क्षेत्रमा देखिएका समस्या र निराकरण विषयक दुईदिने प्रदेशस्तरीय गोष्ठीले हेटौंडाबाट ९ बुंदे सहकारी प्रतिबद्धता जारी गरेको छ ।




बागमती प्रदेश सहकारी विकास बोर्डको आयोजनामा भएको प्रदेशस्तरीय गोष्ठी बुधवार समापन भएको छ । बुधबार ९ बुँदे प्रतिवद्धतापत्र घोषणा गर्दै गोष्ठी समापन भएको हो । प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले गोष्ठीबाट तयार भएको ९ बुँदे प्रतिवद्धतापत्र पढेर सार्वजनिक गरेसँगै हलबाट पासपनि गरिएको थियो । पत्रमा सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुको लागि आर्थिक वर्ष ०८०/८१ लाई 'सदस्य जागरण वर्ष' को रुपमा कार्यक्रम तयार गरी कार्यन्वयन गर्ने/गराउने, प्रदेश सहकारी नीति निर्माणमा प्रदेश सरकारलाई सबै संघहरुले सहयोग गर्ने र यसवर्ष बागमती प्रदेश सहकारी नीति तर्जुमा गर्ने विषय समेटिएको छ ।

प्रदेशको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले बागमती प्रदेश भित्रका सहकारीको वास्तविक अवस्थाको जानकारी प्राप्त गर्नेगरी सबै सहकारीको वस्तुगत विवरण सहितको तथ्यांक संकलन गरी प्रकाशन गर्ने, संघीय सहकारी ऐन, नियमावली र बागमती प्रदेश सहकारी ऐन, नियमावलीबीचमा देखिएका दोहोरोपन हटाउन ऐन नियमावली अभियानको सुझावका आधारमा आवश्यक्ता अनुसार संशोधन गर्ने प्रतिबद्धतामा उल्लेख छ ।

प्रतिबद्धतामा भविष्यमा सहकारी अभियानमा थप क्षति हुन नदिन सबै सहकारी संस्थालाई सहकारी संघ/सहकारी बैंकले विकास गरेको सुशासन, दिगोपन विकास र स्व:नियमनका कार्यक्रममा अनिवार्य समावेश गराउँदै लैजाने, सहकारी संस्थालाई उत्पादन तथा बजारीकरणका आधारमा अनुदान र उनीहरुको सीप विकासका लागि आवश्यक तालिम कार्यक्रमको व्यवस्था मन्त्रालयले मिलाउने, बागमती प्रदेशभित्रका सबै सहकारी संघको संस्थागत विकासका लागि आवश्यक सहयोग गर्ने, प्रदेश सरकारले तयार गरेको सहकारी संघ/संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड-२०७९ पूर्ण रुपमा कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्ने र सहकारी अभियानको पूँजीको संरक्षण गर्ने दायित्व अभियान लगायत छ ।

'सहकारी अभियान र मन्त्रालय सदस्यहरुको सम्पूर्ण बचतकर्ताको बचत पूर्णसुरक्षा गर्ने प्रतिवद्धता जाहेर गर्दछौं र सहकारी संस्थालाई कानुनी व्यवस्था बमोजिम स्व:नियमनमा सञ्चालन गर्ने गराउन प्रतिवद्धता व्यक्त गर्दछौं', प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । कार्यकारी उपाध्यक्ष देवकोटाले प्रतिवद्धतामा रहेका विषयवस्तुलाई आफ्नो जिल्लागत संघ र प्रारम्भिक संस्थालाई कार्यान्वयन गर्न गराउन सबैमा आग्रह गरेका छन् ।

देवकोटाकै सभाध्यक्षतामा भएको समापन कार्यक्रममा पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका सचिव गोविन्दप्रसाद रिजालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष एंव संविधानसभा सदस्य ओमदेवी मल्ल, प्रदेश सहकारी रजिष्ट्रार राधाकृष्ण खतिवडा, नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेमराज पाठक, नेफ्स्कुनका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल जडिबुटी सहकारी संघ केन्द्रीय अध्यक्ष ईश्वरीराज पाण्डे, प्रदेश सहकारी संघको अध्यक्ष रामशरण घिमिरेलगायतले आफ्नो धारणा राखेका थिए ।

# जिप्रका मकवानपुरमा 'स्मार्ट कन्ट्रोल रुम'

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ बागमती प्रदेशका १० जिल्लामध्ये (काठमाडौं उपत्यकाबाहेक) मकवानपुरमा पहिलो पटक नेपाल प्रहरीले 'स्मार्ट कन्ट्रोल रुम' सञ्चालन गरेको छ ।



जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रहरी कन्ट्रोल रुमको १०० मा फोन नलाग्ने जनगुनासोको अन्त्यका लागि स्मार्ट कन्ट्रोल रुम संचालनमा ल्याएको हो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले प्रदेशका सबै जिल्लामा 'स्मार्ट कन्ट्रोल रुम' स्थापनाको योजना बनाएसँगै मकवानपुरबाट काम सुरुवात गरेको हो । यसअघि प्रदेश प्रहरी प्रमुख प्रहरी नायवमहानिरीक्षक (डिआइजी) किरण राणाले पत्रकारहरु सँगको भेटघाटमा 'स्मार्ट कन्ट्रोल रुम' स्थापना आफ्नो प्राथमिकताको काम भएको बताएकी थिइन् ।

काठमाडौंमा सेवारत् अवस्थामा 'स्मार्ट कन्ट्रोल रुम'बाट प्रभावकारी काम गरेको अनुभव सुनाउँदै राणाले व्यवस्थित सुरक्षा प्रणालीलाई मद्दत पुऱ्याउन काम गर्न लागिएको बताएकी थिइन् । डिआइजी राणाले हरेक प्रहरी कार्यालयमा 'स्मार्ट कन्ट्रोल रुम' अत्यावश्यक रहेको बताएकी हुन् । उनकै योजना बमोजिम प्रदेशका १० जिल्लामा 'स्मार्ट कन्ट्रोल रुम' स्थापनाको सुरुवात मकवानपुरबाट सुरुवात भएको हो । जिप्रका मकवानपुरमा प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) बामदेव गौतमले बुधवार 'स्मार्ट कन्ट्रोल रुम'को उद्घाटन गरेका छन् । गौतमले स्मार्ट कन्ट्रोल रुमको सुरुवात भएपछि प्रहरी कन्ट्रोलमा फोन नलाग्ने, घटनास्थलमा समयमै प्रहरी नपुग्ने जस्ता जनगुनासोको अन्त्य हुने विश्वास दिलाए ।

सूचना प्रविधि पहुँचको विस्तार भएसँगै मकवानपुरमा हुने घटना, दुर्घटनामा प्रहरीको छिट्टै उपस्थिति रहन सहयोग पुग्ने योजनाअनसार प्रहरीको नयाँ प्रविधिसहित स्मार्ट कन्ट्रोल रुमको थालनी गरेको गौतमले बताए । प्रहरी उपरीक्षक गौतमले हाललाई ३ वटा फोन र कम्प्युटरसहित रुमको सुरुवात गरिएको र केही दिनमा यससँग सम्बन्धित एपबाट थप सेवा सुरु गरिने जानकारी दिए । उद्घाटनमा प्रहरी निरीक्षक राजु केसीले स्मार्ट कन्ट्रोल रुमबाट हुने फाइदा र यसको प्रयोगको बारेमा जानकारी गराएका थिए ।

प्रहरी निरीक्षक केसी काठमाडौं प्रहरी परिसरमा सुरु भइरहेको यस रुमको मकवानपुरमा पनि सुरुवात गरिएको बताए । स्मार्ट कन्ट्रोल रुम यसअघि काठमाडौंमा मात्रै थियो । उद्घाटन कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्की, मकवानपुरका ट्राफिक प्रहरी प्रमुख प्रहरीनिरीक्षक वसन्त आचार्य, प्रहरीनिरीक्षक रामचन्द्र घिमिरे, पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतमलगायत संचारकर्मीको उपस्थिति थियो ।

# हेटौंडामा शुक्रबारदेखि प्रभासको आदिपुरुष

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/हेटौंडाको एनएस सिनेमा हलले भारतीय चलचित्र 'आदिपुरुष' प्रदर्शन गर्ने भएको छ । भारतीय सिने क्षेत्रका प्रख्यात अभिनेता प्रभासद्वारा अभिनित चलचित्र आदिपुरुषलाई एनएस सिनेमा हलले विशेष प्रदर्शनको तयारी गरेको हो ।

रामायणमा आधारित चलचित्र आदिपुरुष प्रदर्शनको क्रममा एनएस सिनेमा हलले चारजना भगवानको नाममा सिट खाली राखेर चलचित्र प्रदर्शन गर्न लागेको हो । रामायणका पात्र भगवान् श्रीराम, लक्ष्मण, सीता र हनुमानको नाममा चार सिट खाली राखेर चलचित्र प्रदर्शन गरिने हलका व्यवस्थापक किशोर राज पौडेलले जानकारी दिए । 'शुक्रबारबाट चलचित्र प्रदर्शन हुन्छ, हामीले भगवानप्रति आस्था राख्दै भगवानका लागि सिट खाली छोड्ने छौं', पौडेलले भने ।

चलचित्रमा प्रभाससँगै सैफअलि खान, कृति सानन, ओम राउत, सन्नी सिंहलगायतका कलाकारको अभिनय रहेको छ । चलचित्रलाई ओम राउतले निर्देशन गरेका छन् भने भुषण कुमार, कृष्ण कुमार, ओम राउत, प्रसाद सुत्तर, राजेश नायरले निर्माण गरेका हुन् ।

# ५४ लाख मूल्य बराबरको सुनसहित साह पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवानपुर प्रहरीले विशेष सूचनाको आधारमा हेटौंडा उपमहानगर पालिकाबाट ५४ लाख रुपैयाँ मूल्य बराबरको अवैध सुनसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५ रातोमाटेबाट ५ सय ६१ दशमलव ३० ग्राम सुनसहित बीरगञ्ज महानगरपालिका-१६ का २२ वर्षीय किसन साहलाई पक्राउ गरेको हो ।

सुनको मूल्य करिब ५४ लाख ४८ हजार रुपैयाँ बराबर रहेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

बुधबार बिहान करिब ३ बजेको समयमा प्रहरीले साहलाई पक्राउ गरेको थियो । साहले जुत्ताको नोकभित्र उक्त परिमाणमा सुन लुकाएर ल्याएको डीएसपी कार्कीले बताए । उनका अनुसार प्रदेश २-०३-००१ ख ०१५९ नम्बरको बसमा आरोपित साह सवार थिए । मकवानपुरमा लामो समयपछि अवैध सुनसहित व्यक्ति नियन्त्रणमा लिइएको हो । खाडी मुलुक, चीन र तिब्बतबाट तस्करी हुने गरेको सुन मकवानपुरको बाटो हुँदै भारतीय बजार पुग्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको थियो ।

मकवानपुर प्रहरीले एक वर्षको बीचमा यसअघि चाँदी बरामद गरेको थियो । सरुवा भएर मकवानपुर आएपछि पहिलो पटक सुनसहित मासिन पक्राउ गरेको डिएसपी कार्कीले जानकारी दिए । यसैगरी, मकवानपुर प्रहरीले रातोमाटेबाट अबैध कपडा पनि बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले बीरगञ्जबाट पोखरातर्फ जाँदै गरेको ग २ ख ६९२ नम्बरको यात्रुबाहक बसको डिक्कीभित्र लुकाएर ल्याइएको अवस्थामा एकसय थान साडी र ६ सय थान सल बरामद गरेको डिएसपी कार्कीले जानकारी दिए ।

प्रहरीका अनुसार कपडाको मूल्य करिब एकलाख ५ हजार रुपैयाँ बराबर रहेको छ । प्रहरीले कपडा बरामद गरी आवश्यक कारबाहीका लागि राजस्व कार्यालय पथलैया पठाउने तयारी गरेको प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

सीमावर्ती बजार रक्सौल हेटौंडाबाट नजिकै भएकाले अवैध कपडा ओसारपसार धेरै हुने गरेको छ । तर, मकवानपुर प्रहरीले कपडा बरामद गर्ने गरेता पनि कारोबारमा संलग्नलाई कारबाही गरेको तथ्य कमै छ ।

**घर जग्गा बिक्रीमा**

हेटौंडा-४, हुप्रचौरमा रहेको ४ कोठे घर सहितको ९ धुर जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८५१०४०५३५

**रेष्टुरेन्ट बिक्रीमा**


हेटौंडा-४, अजरअमर रोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विदेश जानु पर्ने भएकोले बिक्रीमा रहेको छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८६८८२८६३८

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

**हेटौंडा उपमहानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन् तथा संकलनमा रोक लगाएकोसम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८० साल असार १ गतेदेखि २०८० साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्न निषेध गरेको हुँदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारबाही गरी नदीजन्य पदार्थ जफतसमेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

राजश्व प्रशासन शाखा

हेटौंडा उपमहानगरपालिका

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना